२०८२।०५।२५

| सि नं | स्थान | प्रयोग गरिएको दमकल र पानी ट्यांकरको संख्या | गएको समय | घटनास्थलमा खटिएको समय | कैफियत |
|---|---|---|---|---|---|
| १ | कोटेश्वर भाटभटेनी ( एयरपोर्टकै नेभिगेशन सिस्टम जोखिममा पर्ने भनिएपछि) | १ | सबेरै विहान १:१३ देखि ३ बजेसम्म | २ घण्टा ४५ मिनेट | आर्मीको स्कर्टिंगमा गएको |
| २. | कोटेश्वर भाटभटेनी ( भुईतल्लामा रहेको जेनेरेटरको डिजेल स्टक र ग्याँस सिलिण्डरको जोखिम पछि) | १ (अर्को दमकल) | सबेरै विहान ३ बजेदेखि ५ बजेसम्म | २ घण्टा | |
| ३ | सिंहदरवार | १ | विहान ९ बजेदेखि १२:१७ सम्म | ३ घण्टा १५ मिनेट | |
| ४ | हिल्टन होटल | १ | मध्यान्ह १२:५५ देखि १५:३० | | स्थानीयको अनुरोधमा |
| ५ | हिल्टन होटल | १ | बेलुकी ४:३० देखि ९ बजेसम्म | ४ घण्टा ३० मिनेट | |
| ६ | बबरमहलमा रहेको नागरिक उड्डयन प्राधिकरण र सडक विभाग (सडक विभागको डिजीसँग कुरा गर्ने) | १ | ३:५७ देखि ६ बजेसम्म | करीब ३ घण्टा | प्राधिकरणको केही दस्तावेजहरु जोगाउने प्रयास एवम् सडक विभागको सर्भरसमेत रहेको |

२०८२।०५।२६

| सि नं | स्थान | प्रयोग गरिएको दमकल र पानी ट्यांकरको संख्या | गएको समय | घटनास्थलमा खटिएको समय | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | हिल्टन | १ | विहान ७ बजेदेखि ९:०० सम्म | २ घण्टा | भित्रभित्रै जलिरहेकोले स्थानीयको वस्ती नै जोखिममा हुने आकलन पछि फेरि आगो निभाउन गएको |

आगो नियन्त्रणका कर्मचारी नारायण राउतका अनुसार जहाज संचालनमा नभएकोले मात्र हामीले यो सेवा बाहिर दिन गएका थियौं। खासगरी कोटेश्वर भाटभटेनीमा लागेको आगोले हाम्रो नेभिगेशन सिस्टममा पनि असर पर्न सक्ने भएको र नेपाली सेनाले एस्कर्टिंग गर्ने ग्यारेन्टी गरेपछि मात्र हामी निस्किएका हौं। हामीले ७० परसम्मको आगो नियन्त्रणमा लिन सक्छौं। हामी त्यहाँ कोटेश्वरमा पुग्दा अन्य कसैको पनि दमकल त्यहाँ थिएन। पछि फेरि त्यहाँको भुईतल्लमा १० हजार लिटर डिजेल र ठूलो संख्यामा ग्याँस सिलिण्डरसमेत रहेको र आगो लाग्न थालिसकेकोले जोगाउनुपर्ने भएर दोस्रो गाडी गएको हो। हिल्टनमा ठूलो आगो लागेको पट्टि बस्ती भएकोले आगो निभाउन हम्मेहम्मे परेको थियो। विदेशमा एभिएसन फायर सिस्टमभन्दा राम्रो वस्तीको फायर निभाउने सिस्टम बलियो हुन्छ तर हाम्रोमा एभियसन फायर सिस्टम राम्रो छ।

रिटायर्डहरु कृष्ण बहादुर थापा र सुनिल भट्टराईहरु हुनुहुन्छ।